नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

सुचना नं २०८१/०८२/३१

पत्र संख्या :-
चलानी नं. :-

दोस्रोपटक सूचना प्रकाशित मिति : २०८१/१०/११

यस एकाइको चालु आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको जोन/सुपरजोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइमा सुचिकृत भएका कृषक समुह/सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१ फागुन ११ गते भित्र ( प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यलय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने) आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम संचालन हुने कार्यक्षेत्र, प्रस्तावको लागि न्यूनतम मापदण्ड, अनुदानको सीमा तथा सर्तहरु लागायतका अन्य आवश्यक थप जानकारी कार्यालयको वेबसाइट र कार्यालयमा प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

**तपसिल:**

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत वजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक सिंचाई पुर्वाधार निर्माण | १ पटक | २५ | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | सामुदायीक पक्की कुलो निर्माण/ मर्मत तथा अन्य सिचाई संरचना निर्माणमा अधिकतम ८५% अनुदान सहयोग |
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग | २ पटक | २० | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाभर | जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन भएमा सबै प्रकारको बालीमा परियोजनाबाट सहयोग गरिने तर एकल बालीको खेति मार्फत चक्लाबन्दी भएमा बीउ उत्पादन, चैते धान, बहु वर्षीय बाली तथा नगदे बालीमा (आलु, तरकारी लगायतका उच्च मुल्य बाली) मात्र सहयोग गरिने । |
| ३ | जोन तथा आसपासका क्षेत्रहरुमा केराको राईपेनिङ्ग च्याम्वर स्थापना कार्यक्रम (केराको राईपेनिङ्ग च्याम्वर स्थापनामा अधिकतम ७५ प्रतिशत अनुदान सहयोग कार्यक्रम) | १ पटक | १५ | नवलपरासी (ब.सु.प.) को केरा जोन क्षेत्र तथा जोन क्षेत्रमा उत्पादित केराको बजारिकरण सहयोग हुने आसपासका क्षेत्र | केराको राईपेनिङ्ग च्याम्वर स्थापनाको लागि विद्युत सुविधा लगायत आवश्यक पुर्वाधार भएको हुनुपर्नेछ। सम्बन्धित लाभग्राही संस्थाको आफ्नै स्वामित्वमा जग्गा भएको हुनुपर्ने तथा अन्य व्यवस्था परियोजना कार्यान्वयन म्यानुअल बमोजिम हुने। |
| ४ | जोन/सुपरजोनमा उत्पादित बाली/ वस्तुको पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण प्याकेजिङ्ग, लेबलिङ्ग, बजारिकरण सहयोग कार्यक्रम | २ पटक | ६ | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | प्याकेजिङ्ग, लेबलिङ्ग तथा बजारिकरण गर्ने जोन/सुपरजोनमा उत्पादित बाली/ वस्तुको प्राथमिक प्रशोधन तथा प्रशोधनको कार्य गरेको संस्थालाई बढीमा ८५ प्रतिशत अनुदान प्रवाह गरिने। |
| ५ | मत्स्य बिजको ब्याच उत्पादक/ नर्सरीलाई अनुदान सहयोग | ३ पटक | ३० | माछा सुपरजोन रुपन्देही कार्यक्षेत्र भित्र | वर्षैभरी विभिन्न साइजको मत्स्य बीज उत्पादन गरी बजारिकरण गर्न सक्ने क्षमता भएको उत्पादक फर्म/ नर्सरीलाई बढीमा ५०% अनुदान । |
| ६ | माछा सुपरजोन क्षेत्रमा नर्सरी पोखरी निर्माण | ३ हेक्टर | १५ | माछा सुपरजोन रुपन्देही कार्यक्षेत्र भित्र | उत्पादन पोखरी भएकालाई नर्सरी पोखरी निर्माणको लागि प्रति कठ्ठा बढीमा १० हजार अनुदान प्रवाह गरिने । |

**आवश्यक कागजातहरु**

१ .रु. १० को हुलाक टिकट टाँसेको निवेदन र रितपूर्वक भरेको निर्धारित ढाँचाको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/ कम्पनीको बैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४ .स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५ .कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति /कृषि फर्म /कम्पनीको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।

थप जानकारीको लागि परियोजनाको **Website:** piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८५७०४७२०९ मा सम्पर्क राखु हुन अनुरोध छ ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"